नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७६-०४-०८ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज विहानको मापन अनुसार देशको प्रमूख तथा मझौला नदीहरू कोशी, नारायणी, कर्णाली, महाकाली, कन्काई, बागमती, कमला, पूर्वी राप्ती, बबई लगायत अन्य साना नदीहरू सबैमा वहाब बढ्दो क्रममा छ तर सबै नदीहरुमा वहाव सतर्कता तह भन्दा तलै छ ।

आज बिहान ५ बजे बबई नदी चेपाङ बाढी मापन केन्द्रमा जलसतह सतर्कता तह नजिक पुगेकोले तटिय क्षेत्रका बासिन्दालाई सतर्क रहन NTC र NCELL का मोबाईल प्रयोगकर्तालाई म्यासेज समेत पठाएको तर हाल जलसतह हाल घट्दो क्रममा छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : श्रावण ०८ (बुधबार)

- आज कोशी, नारायणी, कर्णाली र महाकाली नदी तथा यसका सहायक नदीहरुमा बहाब बढ्दो क्रममा रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । कोशी, कर्णाली र यसका केही सहायक नदीहरूमा जलसतह बेलुका सम्म सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कमला, बाग्मती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्दो क्रममा रहने तथा प्राय सबै नदीहरूमा बहाव खतरा तह भन्दा तलै रहने पूर्वानुमान छ । कन्काई, कमला, बागमती, तिनाउ, रिउखोला, पूर्वी राप्ती, पश्चिम राप्ती, मोहना, मछेली लगायतका केही सहायक नदीहरूमा बहाव खतरा तह भन्दा माथि समेत पुग्ने पूर्वानुमान छ ।
- आज चितवन, पर्सा, बारा, मकबानपुर, नवलपुर, परासी, पाल्पा, अर्घाखाँची, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायत आसपास जिल्ला लगायत प्रदेश १, २, ३, ५ र गण्डकी प्रदेश का चुरे र पहाडबाट बहने प्राय साना नदीहरूमा आकस्मिक बहाव(Flash Flood) को संभावना छ ।

### पूर्वानुमान भोली श्रावण ०९ (बिहिबार)

- कोशी, कमला, बागमती, नारायणी, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्दो क्रममा रहने तथा कन्काई, कमला, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती नदीका केही शाखा नदीहरुमा बहाव सतर्कता तह आसपास नै रहने पूर्वानुमान छ ।
- कर्णाली र महाकाली नदीमा बहाव सामान्य बढ्दो क्रममा रहने तथा सतर्कता तह आसपास हुने पूर्वानुमान छ ।
- भोली ईलाम, झापा, मोरङ, धनकुटा, सुनसरी, सिन्धुली, मकवानपुर, नवलपुर, परासी,, चितवन, पर्सा, बारा, रूपन्देही, पाल्पा, दाङ, रोल्पा, सल्यान जिल्लाका पहाड र चुरे क्षेत्र भई बहने तथा प्रदेश १ र २ भई बहने केही स-साना नदीहरूमा आकस्मिक बहावको संभावना छ।

### पूर्वानुमान पर्सि श्रावण १० (शुक्रबार)

- कोशी, कन्काई, कमला, बागमती, नारायणी, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई, कर्णाली र महाकाली लगायतमा बहाव सामान्य घटबढ हुने तथा कन्काई, कमला, बागमती, पुर्वी राप्ती, पश्चिम राप्ती नदीका केही शाखा नदीहरुमा बहाव सतर्कता तह आसपास हुने ।
- कर्णाली र महाकाली नदीमा बहाव सामान्य बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, २, ३ र ५ का चुरे र तराईको भुभागबाट बहने केही साना नदीहरूमा आकस्मिक बहावको संभावना समेत छ ।

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आज चितवन, पर्सा, बारा, मकबानपुर, नवलपुर, परासी, पाल्पा, अर्घाखाँची, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, ईलाम, झापा, मोरङ, सुनसरी र आसपास जिल्ला लगायत प्रदेश १, २, ३, ५, गण्डकी प्रदेश, का चुरे र पहाडबाट बहने प्राय साना नदीहरूमा आकस्मिक बहाव(Flash Flood) को संभावना रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।
- कर्णाली र सुदुर पश्चिम प्रदेशको पहाडी क्षेत्र भई बहने साना खहरे खोलाहरूमा समेत आकस्मिक बाढी आउन सक्छ, बेलुका सम्मै सतर्क रहौ ।
- आज मेची, बिरिङ, निन्दा, कन्काई, रातु, लालबकैया, रिउखोला, पूर्वी राप्ती, तिनाउ बाणगंगा लगायत चुरेबाट बहने स-साना नदीहरूमा खतराको तह आसपास सम्मको सम्मको बाढी आउन सक्ने पूर्वानुमान भएकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।
- प्रदेश १, ३, ५, गण्डकी, कर्णालीको पहाडका पहिरोग्रस्त क्षेत्रमा यात्रा गर्नुहुनेहरू वा रहनुहुनेहरू सतर्क रहौ । आज र भोली तराई र चुरेको भूभागका सडकमा यात्रा गर्दा सावधानी अपनाऔं।
- (*वाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट www.hydrology.gov.np मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

**मौसम पूर्वानुमान महाशाखा**

**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**

**(जारी मितिः २०७६-०४-०८, बिहान ६:०० बजे)**

**मौसम विश्लेषण (Meteorological Analysis):**

मनसुनको न्यून चापिय रेखा (Axis of Monsoon Trough) नेपालको तराई भू-भाग नजिकै अवस्थित छ जसको कारणले नेपालमा मनसुनी वर्षा सक्रिय हुने देखिन्छ ।

**देशभर समग्र मौसमको अवस्था (Present Weather Status):**

हाल देशभर सामान्य देखि पूर्ण बदली भई अधिकांश स्थानहरुमा वर्षा भईरहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान (Three Days Weather Forecast):**

**श्रावण ८ गते (बुधबार)**

**दिउँसो**: देशभर सामान्य देखि पूर्ण बदली रही देशका अधिकांश स्थानहरुमा वर्षा हुनेछ। देशको थोरै स्थानहरुमा भारी वर्षा (Heavy rainfall) हुने सम्भावना छ ।

**राती**: देशभर सामान्य देखि पूर्ण बदली रही अधिकांश स्थानहरुमा वर्षा हुनेछ | देशका थोरै स्थानहरुमा भारी वर्षा हुने सम्भावना छ ।

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

**श्रावण ९ गते (बिहीबार )**

**दिउँसो**: देशभर सामान्य बदली रही देशका केही स्थानहरुमा वर्षा हुनेछ। । देशको पश्चिम तथा मध्यका एक वा दुई स्थानहरुमा भारीको सम्भावना रहेको छ

**राती**: देशभर सामान्य बदली रहि केही स्थानहरुमा वर्षा हुनेछ ।

**श्रावण १० गते (शुक्रबार )**

**दिउँसो**: देशभर आंशिक देखि सामान्य बदली रही देशका केही स्थानहरुमा वर्षा हुनेछ।

**राती**: देशभर सामान्य बदली रहि केही स्थानहरुमा वर्षा हुनेछ ।

*3) RIMES Rainfall Forecast*

*4) NCMWRF Rainfall Product*



नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा



नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा




5) *RIMES Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

HYDROLOGICAL FORECAST | RAINFALL FORECAST | WRF FORECAST




Hydrological stations : Normal  Warning  Danger  Forecast not available

**Information**

Day [ From 24-Jul-2019 To 26-Jul-2019 ]

Notes

Day 1 | Day 2 | Day 3

| Station | Status | Estimated Discharge Q (m3/s) | Estimated Gage Height H (m) | Warning Gage Height (H) | Danger Gage Height (H) |
|---|---|---|---|---|---|
| *Budi Gandaki at Arughat* | Below Warning Level | 49.00 | 0.63 | 10.00 | 11.00 |
| *Trisuli at Betrawoti* | Below Warning Level | 123.00 | 1.89 | 4.90 | 5.50 |
| *Marsyangdi at Bimalnagar* | Below Warning Level | 196.00 | 6.14 | 9.50 | 10.10 |
| *Narayani at Devghat* | Below Warning Level | 4518.00 | 5.13 | 7.70 | 8.70 |
| *Kumalgaun* | Below Warning Level | 1786.00 | 4.84 | 7.80 | 8.80 |
| *Rajaiya* | Below Warning Level | 273.00 | 1.62 | 4.00 | 5.00 |
| *Sisaghat* | Below Warning Level | 29.00 | 1.56 | 6.00 | 7.00 |
| *Asaraghat* | Below Warning Level | 432.00 | 2.25 | 6.90 | 7.90 |
| *Chisapani* | Below Warning Level | 2240.00 | 6.04 | 10.00 | 10.80 |
| *Samaijighat* | Below Warning Level | 900.00 | 4.87 | 7.30 | 7.80 |
| *Dipayal* | Below Warning Level | 247.00 | 5.40 | 7.20 | 8.20 |
| *Humlakarnali at Lalighat* | Below Warning Level | 234.00 | 1.87 | 6.00 | 7.00 |
| *Thulobheri* | Below Warning Level | 329.00 | 2.90 | 5.80 | 6.80 |
| *Bheri* | Below Warning Level | 2236.00 | 5.68 | 10.10 | 11.50 |
| *Kalikhola* | Below Warning Level | 1836.00 | 5.25 | 8.00 | 9.00 |

**नेपाल सरकार**

**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**जल तथा मौसम विज्ञान विभाग**

**बाढी पूर्वानुमान महाशाखा**




*6) DHM Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*

*7) Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*

*8) GLOFAS forecast*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

Nepal; Basin:Ganges; Station:Mainachuli;

CLOSE




Nepal; Basin:Ganges; Station:Chatara;

CLOSE



नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा




*9) Tethys Forecasting Platform( Stream Flow Prediction HIWAT tool for Nepal ( 3 days forecast for small rivers)*

*10) Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

Jul 24 2019 04:00

**[m3/s] 1005 Chatara/Koshi**




| Time | Discharge |
|---|---|
| Jul 24 04:00 | 3520.48 |
| Jul 24 05:00 | 3536.44 |
| Jul 24 06:00 | 3552.22 |
| Jul 24 07:00 | 3566.47 |
| Jul 24 08:00 | 3578.7 |
| Jul 24 09:00 | 3589.92 |
| Jul 24 10:00 | 3602.81 |
| Jul 24 13:00 | 3661.41 |
| Jul 24 16:00 | 3723.18 |
| Jul 24 22:00 | 3853.95 |
| Jul 25 04:00 | 3951.89 |
| Jul 25 16:00 | 4140.86 |
| Jul 26 04:00 | 4343.46 |
| Jul 26 16:00 | 4486.92 |
| Jul 27 04:00 | 4525.15 |

Jul 24 2019 04:00

**[m3/s] 1008 Devghat/Narayani**




| Time | Discharge |
|---|---|
| Jul 24 04:00 | 4991.87 |
| Jul 24 05:00 | 5021.88 |
| Jul 24 06:00 | 5043.97 |
| Jul 24 07:00 | 5057.75 |
| Jul 24 08:00 | 5064.27 |
| Jul 24 09:00 | 5066.3 |
| Jul 24 10:00 | 5066.38 |
| Jul 24 13:00 | 5087.77 |
| Jul 24 16:00 | 5188.18 |
| Jul 24 22:00 | 5501.7 |
| Jul 25 04:00 | 5668.23 |
| Jul 25 16:00 | 6092.41 |
| Jul 26 04:00 | 6363.3 |
| Jul 26 16:00 | 6236.06 |
| Jul 27 04:00 | 5969.28 |

*11) SouthAsia Flash Flood Guidance System (WMO-HRC, US)*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

*Past 24 Hour Satellite Rainfall Product (Yesterday 5:45am to Today 5:45 am)*

*Past 06 Hour Satellite Rainfall Product observed at 5:45 am*




*24 Hour Forecast Rainfall Product (Today 5:45 am to Tomorrow 5:45 am)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*

*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ६ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।